१२९

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरण कुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. १४७/८८

महोत्तरी जिल्ला बथनाहा गा.वि.स. वडा नं. १ बस्ने धुबकुमार झा ..............................१ पुनरावेदक

**विरूद्ध**

जिल्ला जनस्वास्थ्य कार्यालय, धनुषा ......................................................................१ विपक्षी

**विषय :- सूचना उपलब्ध गराई पाउँ ।**

महोत्तरी जिल्ला बथनाहा गा.वि.स. वडा नं. १ बस्ने धुबकुमार झाले जिल्ला जनस्वास्थ्य कार्यालय, धनुषाले सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोगमा गरेको पुनरावेदनका सम्बन्धमा यस आयोगबाट मिति २०६९।११।०९ मा आदेश भई उक्त आदेश कार्यान्वयन गर्न भनी जिल्ला जनस्वास्थ्य कार्यालय, धनुषालाई यस आयोगको मिति २०६९।११।१० च.नं. ११३० को पत्रबाट पठाइएको र उक्त आदेश कार्यान्वयन नगरी सूचना उपलब्ध समेत नगराएको हुँदा उपलब्ध गराई पाउँ भनी पुनरावेदकले पुनः यस आयोगमा उजुरी गरेको देखिन्छ । सो पश्चात यस आयोगबाट मिति २०७०।०५।०४ मा पुनः आदेश भई उक्त आदेश कार्यान्वयनको लागि च.नं. १०८ मिति २०७०।०५।०७ को पत्रबाट पत्राचार गरिएको र पुनः च.नं. ७७८, मिति २०७०।१२।२३ को पत्रबाट ताकेता समेत गरिएको देखिन्छ । उक्त पत्राचार पश्चात पुनरावेदकले सूचना पाए नपाएको सम्बन्धमा कुनै पनि जानकारी प्राप्त हुन नआएको र यस लामो अवधिसम्म पनि सूचना पाइन भनी पुनरावेदक स्वयंले पनि कुनै निवेदन/उजुरी गरेको नदेखिएको हुँदा पछि पुनरावेदकले सूचना पाइन भनी निवेदन गरेका बखत कारवाही प्रक्रिया अगाडि वढाउने गरी हाललाई प्रस्तुत पुनरावेदन तामेलीमा राखिएको छ । प्रस्तुत पुनरावेदनको लगत कट्टा गरी पुनरावेदकलाई जानकारी दिनू ।

| (यशोदादेवी तिम्सिना) | (किरण कुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
|---|---|---|
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल वैशाख २५ गते रोज ६ शुभम् ।